# भूमे साप्ताहिक

वर्ष ५ | अङ्क ४ | २०८० बैशाख २७ बुधबार



## सम्पादकीय

# पुर्खाहरुको चिनो जोगाउन आवश्यक

हाम्रा पुर्खाहरुले जीवन यापनका लागि निकै कष्टपूर्ण समय गुजारे। उनीहरुको तुलनामा हामी आज निकै सुविधासम्पन्न जीवन बिताइरहेका छौं। गाउँ गाउँमा सडक पुगेको छ। उपभोग्य सामान जे खोज्यो, बजारमा त्यही पाइन्छ। हात हातमा मोबाइल बोकेर हिड्छौं। तस्बिर, भिडियो खिच्छौं। इन्टरनेटको माध्यमबाट विश्वको जुनसुकै कुनामा पुगेको मान्छेसँग पनि भिडियो कलमार्फत् प्रत्यक्ष कुराकानी गर्न सक्छौं। तर केही दशकअघिसम्म अहिलेजस्तो सहज जीवन थिएन। न सडक थियो, न उपभोग्य सामानको उपलब्धता।

पछिल्लो डेढ/दुई दशकमा भएको प्रविधि र विकासको हावाहुण्डरीले हाम्रा पुर्खाले दैनिक जीवनयापनका लागि प्रयोग गर्ने औजारहरु नै लोप हुन थालिसकेका छन्। काष्ठकला र हस्तकलाका औजार, परम्परागत भाँडाकुँडाहरु भेटिन छोडिसकेका छन्। आजभोलि गाउँमा माटो, काठ र बाँसका चोयाबाट बनेका ठेकी, कोसी, मदानी, झोम्पै, ढकिया, पेटारो, भकारीजस्ता सामानहरु नै पाइदैनन्। तिनको ठाउँ रबर र स्टीलका भाँडाहरुले लिइरहेका छन्। पुर्खाहरुले प्रयोग गरेका सामान सुरक्षित गरी उनीहरुको सीप, कला र जीवनशैली कस्तो थियो भन्ने भावी पुस्तासम्म पु-याउन हामीले केही पहल गर्नै पर्दछ।

स्थानीय सरकारले आफ्नो पालिकामा भएका परम्परागत कला, संस्कृति र पुर्खाहरुले प्रयोग गर्दै आएका हस्तकला र काष्ठकलाका विविध पक्षहरुको संरक्षण गर्न ढिलाइ गर्नुहुँदैन। त्यसका लागि आफ्नो गाउँ ठाउँका पुर्खाहरुको रहनसहन, परम्परा र औजारहरुको संरक्षणका लागि संग्रहालय स्थापना गर्ने, खोज अनुसन्धान गरी पुस्तक प्रकाशन गर्ने, वृत्तचित्र बनाउने जस्ता काम गर्न सकिन्छ। अहिलेदेखि नै भावी पुस्तालाई हाम्रो इतिहास चिनाउन र पुर्खाहरुको चिनो जोगाउन योजनाबद्ध कामको शुरुवात गर्नु आवश्यक छ।

प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# लोप हुँदै स्थानीय काष्ठकला



❖ **नारायण ओली**

काष्ठकला एक हस्तकला हो। नेपालका सबै गाउँ शहरमा प्रसिद्ध छ। नेपालको भाषा, सभ्यता र संस्कृति अनुसार काष्ठकलाको इतिहास फरक छ। काष्ठकलाले नेपाली कलामा खास गरेर काष्ठकला, मूर्तिकला, खरादकला चित्रदृघामा राम्रो स्थान ओगटेको छ। यस्ता कलाहरु घर, मठ मन्दिरहरुमा देख्न सकिन्छ। काष्ठकला हाम्रो पुर्खासँग जोडिएको एक सभ्यता हो। यसले हाम्रो भाषा, संस्कृति, कला आदिको पुस्ता हस्तान्तरण गर्न महत्वपूर्ण भूमिका खेल्छ। नेपालको परिवेशमा जाति र धर्म विशेषले कलाहरुको विकास भएको छ। नेपालजस्तो विकासोन्मुख देश विकासका लागि कला र संस्कृतिको महत्वपूर्ण योगदान रहन्छ। नेपालको ग्रामीण अर्थतन्त्रको विकास गर्न स्थानीय कला, संस्कृति संरक्षण गर्न र पर्यटन प्रवर्द्धन गर्न सहयोग गर्छ।

नेपालमा भाषाको विकाससँगै कलाको पनि बिकास भएको मानिन्छ। हस्तकला सिंगो रुकुम जिल्लाको सभ्यतासँग पनि जोडिएको छ। रुकुमको कला र संस्कृतिले पर्यटन क्षेत्रमा बेग्लै विविधता ओगटेको छ।

काष्ठकला र हस्तकलाले भरिपूर्ण रुकुम जिल्लाको एक महत्वपूर्ण गाउँपालिका भूमे हो। यहाँ धेरै प्रकारका कलाहरु देख्न पाइन्छ। स्थानीयहरुले कला र संस्कृति भरिपूर्ण काठका विभिन्न आकृतिहरु तयार गर्ने गरेको पाइन्छ। विभिन्न प्रतिमूर्तिहरु, परम्परागत भाँडाहरु जस्तै, कोसी, झोम्पै, मधानी, ठेगी आदिमा विभिन्न चित्र दीर्घाहरु तयार गरेको पाइन्छ। झ्याल ढोकाका पला तथा खिड्कीहरुमा विभिन्न देवी देवताका चित्र दीर्घ र वास्तु कला झल्किने प्रतिमूर्तिहरु तयार गरेका हुन्छन्।



पुराना घरहरुमा सजावटको रुपमा तयार पारिएका हाम्रा कलाहरुले पर्यटन प्रवर्द्धनमा ठूलो टेवा गर्छ। भूमे गाउँपालिकाको लुकुम, काँक्री, सीमा, झुम्लाबाङ, चुनबाङ र कोर्जा आदि स्थानहरुमा काठबाट बनेको हस्तकलाहरु देख्न पाइन्छ।

यस्ता हस्तकलाहरुको संरक्षणका लागि पुस्ता हस्तान्तरण गर्न जरुरी छ। गाउँ बस्तीमा सिर्जना गरिने कलाहरुको खासै संरक्षण भएको देखिदैन। सबै प्रकारका कलाहरुलाई संरक्षण गर्दै स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउन सकिन्छ। रिकुङका ढुडे बुढा भन्नुहुन्छ, पहिले पहिले फुर्सदको समयमा यस्ता हस्तकला बनाएर बिक्री गर्न विभिन्न शहरमा पुगिन्थ्यो। साधारण घर खर्च टार्नका लागि प्रशस्त पैसा हुन्थ्यो। केही व्यापारीहरु खोज्दै आउनु हुन्छ र लगेर जानुहुन्छ। भेडा गोठालो गएको बेला फुर्सद मिलाएर तयार गर्ने काम हुन्छ। यसले गाउँको सुन्दरता बढाउने र पैसा पनि कमाउन सकिने गजबको कला हो। हाल यसको संरक्षणका लागि हाल कुनै संस्था र निकाय लागि परेका छैनन्। यस्ता कलाहरुको संरक्षण गर्दा सबैलाई फाइदा हुने देखिन्छ।

अब काष्ठकलाको संरक्षणका लागि स्थानीय सरकार जुट्नुपर्ने देखिन्छ। दिन प्रतिदिन लोप हुँदै गएका कला, संस्कृति र सभ्यतालाई बचाउन स्थानीय सरकार, समुदाय, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु लाग्नुपर्ने देखिन्छ।

# मौरीपालक कृषकलाई घार वितरण



❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व)को भूमे गाउँपालिकामा मौरीपालक कृषकहरुलाई घार वितरण गरिएको छ। मौरीपालक कृषकहरुलाई व्यावसायिक मौरीपालनतर्फ आकर्षित गराई महको उत्पादन बढाउन भूमे गाउँपालिका कृषि शाखाले मौरीको घार वितरण गरेको हो।

मौरीपालनतर्फ कृषकहरुको चासो बढेकाले गाउँपालिकाले चालु आर्थिक बर्षको बजेटबाट कृषि शाखाले सबै वडाका मौरीपालक कृषकलाई ८६ वटा घार वितरण गरिएको भूमे गाउँपालिका कृषि शाखाका बिशाल बुढाले जानकारी दिनुभयो। मौरीका घारसहित मह काढ्ने चक्कु, माहुरीबाट बच्न लगाउने जालीदार टोपी पनि वितरण गरिएको बुढाले बताउनु भयो।

मह बेचेर राम्रो आम्दानी हुन थालेपछि आफूले पनि मौरी पालन व्यवसाय सुरु गरेको भूमे गाउँपालिका वडा नम्बर ३ का कृषक भागिमान पुनले बताउनु भयो। "मौरीपालनबाट राम्रो फाइदा हुने रै'छ," उहाँले भन्नुभयो, "व्यावसायिक रूपमा मौरी पाल्दा राम्रो आम्दानी गर्न सकिन्छ।"

पछिल्लो केही वर्ष यता भूमे गाउँपालिकामा मौरीपालक कृषकको संख्या बढ्दै गएको छ। स्थानीयबासीको चासो बढेसँगै भूमे गाउँपालिकाले पनि मौरीपालन सम्बन्धी कार्यक्रममा सहयोग गर्न थालेको छ। उच्च पहाडी क्षेत्रमा पालेको मौरीले लगाउने महको सबैतिरबाट माग हुने भएकाले व्यावसायिक रुपमा मौरी पालन फस्टाउने देखेपछि कृषकहरु मौरी पालनतर्फ आकर्षित भएका हुन्।

# महत ओझेलमा परेको महसुस हुन्छ

**विक्रम पुनमगर**, वडा अध्यक्ष, भूमे गाउँपालिका वडा नम्बर ६

**जनयुद्धमा थबाङ र महत राज्य पक्ष र विद्रोही पक्षको निशानामा परेका ऐतिहासिक ठाउँ हुन्। थबाङलाई गाउँपालिका नामकरण गरियो। महतलाई भूमे गाउँपालिकाको वडा नं ६ मा परिणत गरियो।**



**तपाई वडा अध्यक्ष भएको एक वर्ष भयो, यो अवधिमा वडाको विकासका लागि के कस्ता कामहरु गर्नुभयो?**

वडा अध्यक्षमा निर्वाचित भएपछि मैले वडाको भौतिक पूर्वाधार, पर्यटन, स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रमा के कसरी विकास गर्न सकिन्छ भनेर योजना बनाउनुका साथै केही कामहरु शुरु पनि गरेको छु। चालु आर्थिक वर्षमा बजेट विनियोजन गरी शुरु गरिएका सानाखाले आयोजनाहरु ९० प्रतिशत सम्पन्न भइसकेका छन्। ठूला योजनाहरु पनि तीव्र रुपमा काम भइरहेका छन्। चालु आर्थिक वर्षमा साबिकको कुचिबाङ सिमखोला र धर्मशाला सडकखण्ड सम्पन्न भइसकेको छ। दोमही-गानापानी मजबाङ सडकखण्ड निर्माण हुन बाँकी रहेको छ।

**तपाईंको वडामा शिक्षाको अवस्थ कस्तो छ? शैक्षिक गुणस्तर बढाउन तपाईंले कत्तिको पहल गर्नुभएको छ नि?**

हाम्रो वडा नं. ६ मा एउटा मावि र ३ वटा आधारभूत विद्यालयहरु रहेका छन्। वडामा शिक्षा क्षेत्रको विकासका लागि भौतिक पूर्वाधार निर्माण र शैक्षिक गुणस्तर सुधारका लागि जनप्रतिनिधिको हैसियतले गर्न सकिने काम र पहल गरिरहेको छु। विद्यालय भवन निर्माण, मर्मत, खानेपानीको व्यवस्था, सार्वजनिक शौचालयहरु निर्माण जस्ता कामहरु भइरहेका छन्। जनजागरण आधारभूत विद्यालय भूमे ६ रिसालमा फिल्ड निर्माण भइरहेको छ। बाल विकास आधारभूत विद्यालय नाखेमा भित्ते लेखन र खाम्दैस्थित जनचेतना आधारभूत विद्यालय भवनको प्लस्टर भइरहेको छ। जनजागृति मावि महतमा डेस्क बेञ्च र टेबुल निर्माण भइरहेको छ।

विद्यालयमा विद्यार्थी र शिक्षकको उपस्थिति तथा पठनपाठन कस्तो छ भनेर नियमित अनुगमनजस्ता कार्य वडा कार्यालयको तर्फबाट भइरहेको छ।

**वडा नम्बर ६ मा कुन कुन बाली उत्पादन हुने गर्दछन्? कुनै पकेट क्षेत्र घोषणा गरिएको छ कि?**

हाम्रो वडामा तोरी, आलु, मकै, गहुँ, जौ, लसुन जस्ता बालीहरुको राम्रो उब्जनी हुने गरेको छ। कृषकहरु परम्परागत रुपमा गर्दै आएका यिनै बालीहरुलाई नगदे बालीको रुपमा खेतीपाती गरिरहेका छन्। शुरुमा केरा खेती पकेट क्षेत्र भनेर घोषणा गरिएको थियो तर यहाँ केरा खेती फष्टाउन सकेन।

**खासमा वडा नं. ६ मा रहेको सबैभन्दा ठूलो बस्तीको नाम मैय रहेछ तर अहिले चलनचल्तीमा महत भनेर चिनिन्छ। यहाँको पुरानो चिनारीको रुपमा रहेको नामलाई नै कायम गर्न तपाईंले कत्तिको पहल गर्नुभएको छ?**

महत गाउँको खास नाम मैय गाउँ हो। बुढापाकाहरुले पहिलेदेखि नै मैय भन्दै आएका थिए। उनीहरुले पछिल्लो समय महत बनाउँदा पनि नाम नबदल्न आग्रह गरेकै हुन्। तर बुढापाकाहरुको आवाज सुनिएन। सरकारी कामकाजको भाषामा महत लेख्न थालियो। सबैले त्यहीँ नामलाई आधिकारिक बनाए।

मैय गाउँलाई खाम भाषामा मैनाखार भनिन्छ। मगर खाम भाषामा मैय भनेको बाझ र नाखार भनेको गाउँ हो। यो ठाउँमा पहिला प्रशस्तै बाझका रुखहरु रहेका थिए रे। बाझका रुखहरुको बीचमा घरहरु थिए। त्यसैले मैनाखार भनिएको थियो।

हामीले गाउँपालिकामा कार्यविधि बनाएर महतलाई मैय बनाउन संशोधन गर्न सकिन्छ कि भन्ने आशा लिएका छौं।

**जनयुद्धको एक महत्वपूर्ण ठाउँको रुपमा महतलाई चिनिन्छ। तपाईंको वडामा जनयुद्धको पहिचान दिने केही संरचनाहरु निर्माण गर्नुभएको छ?**

१० बर्षे जनयुद्धमा रोल्पाको थबाङ र रुकुम (पूर्व)को महत भनेको राज्य पक्ष र विद्रोही पक्षको निशानामा परेको ऐतिहासिक ठाउँ हुन्। थबाङलाई गाउँपालिका नामकरण गरियो। महतलाई भूमे गाउँपालिकाको वडा नं ६ मा परिणत गरियो। यसरी साविकको महत चर्चामा होइन, ओझेलमा प-यो कि भन्ने मेरो बुझाइ छ। जनयुद्धको केन्द्रविन्दुका रुपमा रहेका यी दुवै ठाउँलाई राज्य पक्षले खतरनाक क्षेत्रको रुपमा हेर्थे भने बिद्रोही पक्षले आफ्नो आधारइलाकाको रुपमा हेर्थे।

जनयुद्धका क्रममा महत इलाका प्रहरी चौकी र तत्कालीन डिएसपी ठूले राई कब्जा गरिएको घटनाले विश्वमै चर्चित बन्यो। शान्ति प्रक्रियापछि महतमा सोही घटनालाई देखाउन महत युद्ध फिचर निर्माण गरिएको छ। त्यसमा महत प्रहरी चौकी कब्जा गर्दाको घटनालाई स्याण्ड मोडलमा निर्माण गरी देखाइएको छ।त्यस्तै शान्तिको सन्देश दिन बुद्धको शालिक बनाई शान्ति स्मारक पनि निर्माण गरिएको छ। यसले महतलाई युद्ध पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न केही सहयोग गरेको छ।

बुद्ध शान्ति पार्क एवं स्मारिकालाई बिस्तार र थप आकर्षक बनाउन गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा १० लाख बजेट क्रमागत रुपमा छुट्याउँदै आएको छ। त्यसबाट कछुवा गतिमा काम भइरहेको छ, त्यो बजेट पर्याप्त छैन। जबसम्म संघ र प्रदेशले चासो राखेर ठूलो रकम विनियोजन गर्दैन, तबसम्म यहाँको भौतिक पूर्वाधार निर्माण कार्य पूर्ण हुन सक्दैन भनेर मैले पटक पटक आवाज उठाउने गरेको छु। त्यसका अतिरिक्त जनयुद्धको पहिचान दिन सक्ने तालिम केन्द्र, सेल्टर, छापामारहरु हिड्ने गरेको बाटोहरुलाई युद्ध पदमार्गको रुपमा प्रचार प्रसार गरिएको छ।

**जनयुद्धमा महत्वपूर्ण भूमिका खेलेको महतका सहिद परिवार, घाइते अपाङ्गहरुको अवस्था कस्तो छ? उनीहरुलाई राज्य र स्थानीय सरकारको तर्फबाट केही सुविधा पाएका छन् कि?**

जनयुद्धका सहिद परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुलाई पालिका वा वडाले मात्रै चाहेर पनि केही गर्न सक्ने अवस्था छैन। समग्र राज्यकै तर्फबाट नीति बने वा निर्णय भएपछि मात्रै केही सहयोग गर्न सकिने अवस्था छ।

राज्यका तर्फबाट जनयुद्धका क्रममा सहिद भएका व्यक्तिका परिवारले नगद १० लाख रुपैयाँ राज्यका तर्फबाट पाएका छन्। उनीहरुलाई सहिद परिवार परिचय पत्र दिइएको छ। त्यसले गर्दा राज्यका हरेक तहमा सहिद परिवारको हिसाबले केही सहुलियत हुन्छ। युद्धका क्रममा अपाङ्ग भएका व्यक्तिहरुको राज्यले नै वर्गीकरण गरेको छ। क र ख वर्गमा परेका व्यक्तिले अपाङ्गता भत्ता पाउने गरेका छन्। ग र घ वर्गमा परेका अपाङ्गता भएका व्यक्तिलाई सान्त्वना स्वरुप लक्षित बजेटमार्फत् सामान्य राहत दिने गरिएको छ। यो सुविधा हाम्रो वडा वा पालिकामा मात्रै होइन, देशैभरि लागू भएको कुरा हो। पालिका र वडाले राज्यले दिएको सुविधा उपलब्ध गराउन सहजीकरण गरिदिने मात्र हो।

**तपाईको वडामा कुन कुन समुदायको बसोबास रहेको छ?**

वडा नं ६ मा मुख्यगरी मगर समुदायकै बाहुल्यता रहेको छ। त्यसपछि दलित समुदाय पनि बसोबास गर्छन् भने केही क्षेत्री समुदाय पनि रहेका छन्। मगर जातिको बाहुल्यता रहेकोले खाम भाषा बोल्ने गर्दछन्। यहाँको बासिन्दाको मुख्य चाडपर्व भनेको माघे सकराँती, भूमे पर्व, दसैं तिहार पर्दछन्।



## यिरनेटा (पातिहाल्ने) भेला

# कसरी हुन सक्छ धौलागिरी-ढोरपाटन रेञ्जको पर्यटकीय विकास ?



**म्याग्दी, रुकुम (पूर्व), रोल्पा र बाग्लुङ जिल्लाका सिमानामा रहेका पर्यटकीय स्थलहरू ढोरपाटन शिकार आरक्ष, यिरनेटा (पातिहाल्ने), तिलाचन ताल र बुकी पाटनलाई कसरी साझा रूपमा विकास गर्न सकिन्छ र त्यसबाट स्थानीयको आयस्रोत बनाउन कसरी सकिन्छ ? भन्नेमा छलफल केन्द्रित भएको थियो।**

गत साता लुम्बिनी प्रदेशका रुकुम (पूर्व), रोल्पा र गण्डकी प्रदेशका बाग्लुङ, म्याग्दी जिल्लाका एकआपसमा सिमाना रहेका स्थानीय सरकारका प्रमुख तथा प्रतिनिधि यिरनेता अर्थात् पातिहाल्ने पुगे। एउटा ठूलै टिम अन्तर जिल्ला मात्र नभई अन्तर प्रदेशका स्थानीय सरकारका प्रमुखसहित विभिन्न राजनीतिक दलका प्रतिनिधि यिरनेता पुगेका हुन्। यिरनेटा एक उच्च बुकी पाटनको रुपमा अवस्थित रहेको छ। यो ठाउँ समुन्द्र सतहदेखि तीन हजार मिटर भन्दा बढीको उँचाइमा रहेको छ।

बाह्रैमास चिसो हावापानी भइरहने यिरनेटा पर्यटकीय गन्तव्यको रुपमा स्थापित हुँदै गएको छ। अहिले सुविधासम्पन्न दुइटा होटेलसमेत बनिसकेको यिरनेटामा दैनिक आन्तरिक तथा बाह्य पर्यटक जाने गरेका छन्। सोही ठाउँमा अन्तर प्रदेश स्तरीय धौलागिरी-ढोरपाटन क्षेत्र विकास बृहत् परियोजनाबारे बहस भएको थियो।

धौलागिरी-ढोरपाटन क्षेत्र आसपासका पर्यटकीय ठाउँलाई प्रचार प्रसार गरेर कसरी पर्यटकीय हबको रूपमा विकास गर्न सकिन्छ भन्ने अध्ययन एवं छलफलका लागि दुई प्रदेशका स्थानीय जनप्रतिनिधिहरु यिरनेटामा जुटेका थिए। उनीहरु सबैको एउटै स्वर रहेको थियो, "पर्यटकीय क्षेत्रले भरिपूर्ण म्याग्दीको धौलागिरी हिमालय रेन्ज अन्तर्गतका रुकुम (पूर्व), रोल्पा र बाग्लुङ

जिल्लाका लेकाली पर्यटकीय स्थललाई कसरी साझा रूपमा विकास गर्न सकिन्छ र त्यसबाट स्थानीयको आयस्रोत बनाउन कसरी सकिन्छ?" यी चार जिल्लाका सिमानामा रहेका पर्यटकीय स्थलहरू ढोरपाटन शिकार आरक्ष, यिरनेटा (पातिहाल्ने), तीन हजार दुई मिटर उचाइमा रहेको तिलाचन ताल र रमाइलो दृश्यावलोकन गर्न सकिने मनोरम बुकी पाटनलाई पर्यटकीय हब बनाई चार जिल्लालाई नै पर्यटकीय जिल्लाको रूपमा चिनाउन पहल गर्ने छलफलको निष्कर्ष रहेको थियो।

यी क्षेत्र मध्यपहाडी लोकमार्गको पहुँच भएकाले यस क्षेत्रलाई विकास गर्ने सजिलो रहेको छ। भूमे गाउँपालिका वडा नं. १ का अध्यक्ष मनकाजी पुन मगरका अनुसार हाल पर्यटकीय स्थलको पूर्वाधार तयार नभएको अवस्थामा पनि यी ठाउँमा पर्यटकीय गतिविधि बढिरहेका छन्। एउटा गाउँपालिकाको पहलमा नभई पर्यटन विकासका लागि सिमानासँग जोडिएका जिल्ला र प्रदेश तहको छलफलले पर्यटन विकासमा ठूलो सफलता मिल्ने वडाध्यक्ष पुन मगरको विश्वास छ।

धौलागिरी-ढोरपाटन क्षेत्र बृहत् विकास परियोजनामार्फत् अन्तरप्रदेश स्तरीय पर्यटकीय हबका रूपमा यी क्षेत्रलाई विकास गर्ने परिकल्पना गरिएको विश्व सांस्कृतिक ग्रामका अभियन्ता कृष्ण केसीले बताउनु भयो। धौलागिरी-ढोरपाटन क्षेत्र वृहत् विकास परियोजना निर्माणको प्रस्तावक नै अभियन्ता केसी हुनुहुन्छ।

धौलागिरी-ढोरपाटन क्षेत्रको प्राकृतिक, सांस्कृतिक, जैविक एवम् मानव निर्मित सम्पदाको संरक्षण तथा प्रर्वद्धन गर्दै उत्पादन अभिवृद्धि, तिव्र विकास, नव निर्माण र समृद्धिका आधारशिला निर्माण गरी यस क्षेत्रलाई विश्व मानचित्रमा आकर्षित, रमणीय र सुरक्षित गन्तव्य स्थलको रूपमा चिनाउन धौलागिरी-ढोरपाटन वातावरणमैत्री पर्यटकीय चक्रपथ सञ्चानलनका लागि परिकल्पना गरिएको केसीले बताउनु भयो। यस ठाउँको विकास, प्रचार प्रसार र दिगो पर्यटकीय सम्भावनाको विषयमा अन्तर प्रदेशका रूपमा रहेको चार जिल्लाका जनप्रतिनिधि बिच वृहत् छलफल भएको छ।

अभियन्ता केसीले यी सीमावर्ती जिल्ला लगायतका अन्य जिल्लामा साझा ढङ्गले पर्यटकीय हब निर्माण गर्नका लागि सबैलाई एकजुट बनाउन पहल थालेको बताउनु भयो। तराई, पहाड र हिमालसँग जोडिएको भूगोल भनेको नै धौलागिरी-ढोरपाटन क्षेत्र भएकोले यस क्षेत्रलाई पर्यटन विकासका लागि सबै सरोकारवाला निकायले लगानीको वातावरण निर्माण गरेमा नेपालको मात्र नभई विश्वकै प्रख्यात पर्यटकीय स्थल हुने केसीको भनाइ रहेको छ।

परियोजनाले सार्थकता पाएमा जडीबुटी प्रशोधन केन्द्र, मासुको आपूर्ति, प्राकृतिक सौन्दर्यता, आरक्षसँगै खुला चिडियाखाना, प्राकृतिक सहरको स्थापना गरी पर्यटकलाई भित्र्याए रोजगारको सिर्जना हुने भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनु भयो।

धौलागिरी-ढोरपाटन क्षेत्र वृहत् विकासको गुरुयोजना, डीपीआर र गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको मिलनविन्दुको रूपमा पर्यटकीय हब बनाउनका लागि छलफलबाट अनुमानित लागत समेत तयार गरिएको छ। गत बैशाख २२ गते ढोरपाटन सिकार आरक्षको केन्द्रमा साझा घोषणापत्र जारी गरेको उक्त टोलीले जेठको पहिलो साता लुम्बिनी, गण्डकी र कर्णाली प्रदेशका मुख्यमन्त्री कार्यालय र प्रधानमन्त्री कार्यालयमा प्रस्ताव पेश गर्ने निर्णय गरेको म्याग्दीको धौलागिरी गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनु भयो।

धौलागिरी-ढोरपाटन क्षेत्र वृहत् विकास परियोजनाबारे छलफलमा विश्व सांस्कृतिक ग्रामका अभियन्ता केसीले आफ्नो धारणा पत्र प्रस्तुत गर्नु भए अनुसार धौलागिरी-ढोरपाटनलाई वेस क्याम्पको रूपमा विकास गरेर धौलागिरी रेन्जदेखि बाग्लुङको ढोरपाटन हुँदै रुकुम (पूर्व), उपल्लो डोल्पा, रुकुम (पूर्व)को भूमे गाउँपालिका-बाग्लुङको निसीखोला गाउँपालिका-रोल्पा थबाङको जलजला-रुकुम (पूर्व) सिस्ने गाउँपालिकाको रुकुमकोट कमल ताल, कर्णाली प्रदेश रुकुम पश्चिमको स्यार्पु ताल लगायत आसपासका क्षेत्रको रूपरेखा अनुसार धौलागिरी-ढोरपाटन क्षेत्रको पर्यटकीय हबका लागि सम्बन्धित प्रदेश, जिल्ला र स्थानीय सरकार एकजुट भएर योजना निर्माण गरी काम गर्नुपर्ने भूमे गाउँपालिकाका निवर्तमान अध्यक्ष रामसुर बुढा मगरले सुझाव दिनुभयो।

प्रस्तावित परियोजनालाई मूर्तरूप दिनका लागि संयोजन समिति गठन गरिएको छ। जसको संयोजकमा अभियन्ता कृष्ण केसीलाई तोकिएको छ भने सदस्यमा म्याग्दीको धौलागिरी गाउँपालिका, बाग्लुङको तमानखोला, निसीखोला गाउँपालिका, ढोरपाटन नगरपालिका, रुकुम (पूर्व)को भूमे, पुथाउत्तरगङ्गा गाउँपालिका, रोल्पाको थबाङ र सुनछहरी गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष संयोजन समितिको सदस्य रहनुभएको छ। त्यस्तै, सल्लाहकार समितिमा सम्बन्धित जिल्लाका प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र राजनीतिक दल तथा बुद्धिजीवीहरु रहेका छन्।

यिरनेटाको वृहत् छलफलमा म्याग्दीको धौलागिरी गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पुन, बाग्लुङको तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा, उपाध्यक्ष हिराकुमारी छन्त्याल, निसीखोला गाउँपालिका अध्यक्ष सुर्यबहादुर घर्ती, उपाध्यक्ष प्रेमबहादुर घर्ती, रुकुम (पूर्व)को भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, पुथाउत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष पुनिराज घर्ती मगर, रोल्पाको थबाङ गाउँपालिका अध्यक्ष ऋषिकेशव बुढा मगर, यसैगरी गण्डकी प्रदेशका निवर्तमान प्रदेश सभा सदस्य खिमविक्रम शाही, भूमे गाउँपालिकाका निवर्तमान अध्यक्ष रामसुर बुढा मगर र विश्व सांस्कृतिक ग्रामका अभियन्ता एवम् धौलागिरी-ढोरपाटन क्षेत्र वृहत् विकास परियोजना निर्माणका प्रस्तावक कृष्ण केसी लगायतको उपस्थिति रहेको थियो। *कखराडटकमबाट साभार*

लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**१. एक दिवसीय क्रिकेटको इतिहासमा सर्वाधिक तेज विकेट लिई विश्व कीर्तिमान कायम गर्न सफल नेपाली खेलाडी को हुन् ?**

≅ सन्दीप लामिछाने

– सन्दीपले ४२ खेलमा एक सय विकेट हासिल गर्दै विश्व कीर्तिमान कायम गरेका। यसअघि सबैभन्दा तेज एक सय विकेटको कीर्तिमान अफगानिस्तानका लेग स्पिनर रसिद खान (४४ खेलमा १०० विकेट)को नाममा थियो।

– त्रि.वि. खेल मैदानमा २०८० वैशाख ८ (२०२३ अप्रिल २१) मा ओमानविरुद्ध भएको खेलमा आफ्नो पहिलो ओभरको तेस्रो बलमा नै आदिल सफिकलाई एलबीडब्लूको धरापमा पारेर उनले सो कीर्तिमान हासिल गरेका। उनी एक दिवसीय खेलमा एक सय विकेट लिने नेपालका पहिलो बलर पनि बनेका हुन्।

**२. वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीकी धर्मपत्नी राधादेवी जोशीको निधन कहिले भएको हो ?**

≅ वि.सं. २०८० वैशाख २

– सय वर्षको उमेरमा उहाँको निधन भएको। यसअघि सत्यमोहन जोशीको २०७९ असोज ३० गते १०३ वर्षको उमेरमा निधन भएको थियो। शताब्दी पुरुष सत्यमोहन जोशी र उहाँकी धर्मपत्नी राधादेवी जोशी विगत ८३ वर्षदेखि विवाह बन्धनमा बाँधिनुभएको थियो।

– राधादेवी जोशीको शरीर किस्ट मेडिकल कलेज तथा शिक्षण अस्पताललाई प्रदान गरिएको। जोशी दम्पतीले २०७७ साल माघ ३० गते राजधानीमा आयोजित शरीर दान घोषणा सभामार्फत् चिकित्सा विज्ञानको प्रयोगात्मक अध्ययनका लागि सो कलेजलाई मरणोपरान्त आ-आफ्नो शरीर दानको घोषणा गर्नुभएको थियो।

**३. विराटनगरलाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा कहिले गरिएको हो ?**

≅ वि.सं. २०८० वैशाख ३

**४. मैथिली संस्कृतिमा नयाँ वर्षको सुरुवात कहिलेदेखि भएको मानिन्छ ?**

≅ वैशाख २ (मिथिलावासीले विक्रम संवत् सुरु भएको दोस्रो दिनलाई नयाँ वर्षको रुपमा मनाउँछन् भने थारू समुदायमा यो दिनलाई सिरुवा पर्वका नामले मनाइन्छ।)

**५. नेपाल दूरसञ्चार प्राधिकरणद्वारा एमडीएमएस सिस्टम कहिलेदेखि कार्यान्वयनमा ल्याइएको हो ?**

≅ वि.सं. २०७९ भदौ ३०

– अवैध रूपमा राजस्व नतिरी नेपाल भित्र्याइएका मोबाइल प्रयोग गर्न नदिने उद्देश्यका साथ यो प्रणाली सञ्चालनमा ल्याइएको हो। नेपालमा दर्ता नभएका मोबाइल नेपालको कुनै पनि मोबाइल नेटवर्कमा सञ्चालन हुन नसक्ने विद्युतीय प्रणाली नै एमडीएमएस हो। एमडीएमएसको पूरा रूप मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम हो।

*संकलन- टंक के.सी.*

*गोरखापत्र दैनिकबाट साभार*

# स्याउमा लाग्ने मुख्य रोग, लक्षण र व्यवस्थापन



सुस्मिता खनाल

## १. एप्पल स्क्याब

### रोगका लक्षणहरू

- यो रोग सामान्यतया पात र फलहरुमा देख्न सकिन्छ।
- प्रभावित पातहरू मुर्छा वा पक्की हुन्छन् र तिनीहरूको माथिल्लो सतहमा कालो, गोलाकार दागहरू हुन्छन्।
- पातहरूको मुनिको सतहमा, दागहरू मखमली हुन्छन् र सम्पूर्ण पातको सतहलाई ढाक्न मिल्छ। गम्भीर रूपमा प्रभावित पातहरू पहेंलो र खस्न सक्छ।
- स्क्याबले फूलका डाँठहरूलाई पनि संक्रमित गर्न सक्छ र फूलहरू झर्ने गर्दछ।




- घाउहरू पछि डुबेका र खैरो हुन्छन् र तिनीहरूको मार्जिन वरिपरि बीजाणुहरू हुन सक्छन्।
- संक्रमित फल विकृत हुन्छ र चर्कन सक्छ, जसले माध्यमिक जीवहरूलाई प्रवेश गर्न अनुमति दिन्छ।

**बाँच्ने र फैलाउने** : रोगजनक माटोको फोहोरमा पेरिथेसियाको माध्यमबाट बाँच्दछ।

**नियन्त्रण** : Myclobutanil (Spectracide Immunox Multipurpose Fungicide Spray Concentrate) एक सिंथेटिक फङ्गिसाइड हो जुन स्याब स्क्याब विरुद्ध प्रभावकारी छ।

## २. कालो सड क्यान्कर



### रोगका लक्षणहरु

- पातका लक्षणहरू पहिलो पटक वसन्तको सुरुमा देखा पर्दछ जब पातहरू खुल्छन्।
- तिनीहरू पातहरूको माथिल्लो सतहमा सानो, बैजनी धब्बाको रूपमा देखा पर्दछ जुन १/८ देखि १/४ इन्च (३-६ मिमी) व्यासमा गोलाकार घाउहरूमा विस्तार हुन्छ।
- घावको मार्जिन बैजनी रहन्छ, जबकि केन्द्र ट्यानमा खैरो हुन्छ। केही हप्तामा, यी पातका दागहरूको माध्यमिक विस्तार हुन्छ।
- धेरै संक्रमित पातहरू क्लोरोटिक हुन्छन् र पतन हुन्छ।
- सडेको क्षेत्र बढ्दै जाँदा, एकसमान चौडाइको केन्द्रित ब्यान्डहरूको शृङ्खला बन्छ जुन कालो देखि खैरो रङमा वैकल्पिक हुन्छ। सडेको क्षेत्रको मासु बलियो र छालाको रहन्छ। कालो पिक्निडिया प्रायः संक्रमित फलको सतहमा देखिन्छ।
- क्यान्कर गठनको परिणामस्वरूप घाउहरू सामान्यतया बोक्रामा घाउसँग सम्बन्धित हुन्छन्।

### बाँच्ने र फैलाउने

- रोगजनक माटोको फोहोरमा एस्कोस्पोर (सिस्ट) मार्फत जीवित रहन्छ जुन प्राथमिक संक्रमणको स्रोत हो।
- वसन्त ऋतुमा, कालो पाइक्निडिया र पेरिथेसियाले आ-आफ्ना कोनिडिया र एस्कोस्पोरहरू छोड्छ र माध्यमिक संक्रमण निम्त्याउँछ।

### नियन्त्रण

- क्यान्करहरूलाई अन्त्यबाट कम्तीमा १५ इन्च तल छाँटेर हटाउनु होस् र जलाउनु होस् वा गाड्नुहोस्। साथै, नयाँ सिजन छाँटका साथ निवारक हेरचाह लिनुहोस् र तिनीहरूलाई जलाउनुहोस्।

## ३. कोलर रट

### रोगका लक्षणहरु

- फाइटोफ्थोरा कलर रोटले स्याउको तल्लो ३० इन्च (७६ सेमि) काँटीमा आक्रमण



गर्छ।

- धेरैजसो संक्रमण ट्रंकसँग पार्श्व जराको जंक्शनबाट सुरु हुन्छ।
- संक्रमित बोक्रा खैरो हुन्छ र भिजेको बेला अक्सर नरम र चिल्लो वा चिल्लो हुन्छ।
- अँध्यारो रेखाहरू प्रायः क्याम्बियमको नजिक देखा पर्दछ र क्यान्कर मार्जिन भन्दा बाहिर फैलिन्छ। यदि एक क्यान्कर धेरै वर्षसम्म बढ्छ भने, केवल सीमान्त क्षेत्रहरूले नयाँ मारिएका तन्तुहरूको विशिष्ट रंग र बनावट देखाउँछन्।
- क्यान्करको विकास छिटो, तेर्सो र ठाडो हुन्छ। कलर सडको अन्तिम प्रभाव प्रभावित अंग, जरा, वा ट्रंकलाई घेर्नु हो, जसको परिणामस्वरूप त्यो अंग वा सम्पूर्ण रूखको मृत्यु हुन्छ।

### बाँच्ने र फैलाउने

- फंगस ओभर विन्टर सुस आराम गर्ने बीजाणुको रूपमा वा संक्रमित तन्तुहरूमा माइसेलियमको रूपमा।
- नयाँ संक्रमण तब हुन्छ जब रोगजनकले गतिशील बीजाणुहरू छोड्छ जुन पानीको माध्यमबाट अतिसंवेदनशील होस्टहरूमा लगिन्छ।

### नियन्त्रण

- टाइल बगैंचा वा कम जल निकासी संग साइटहरु। पानीलाई ट्रंकबाट टाढा राख्न मद्दतको लागि उठेको ओछ्यानमा रोप्नुहोस्। प्रतिरोधी रूटस्टक्सहरू प्रयोग गर्नुहोस्।

४. **Powdery mildew**

### रोगका लक्षण

- यो रोग तब देखिन्छ जब कोपिलाहरू नयाँ पातहरू र अंकुरहरूमा विकसित हुन्छन्।



- पातहरूको सतह मुनि सेतो वा खैरो पाउडरको साना दागहरू देखा पर्छन्।
- पातहरू सामान्य पातहरू भन्दा लामो र साँघुरो बढ्छन् र मार्जिन कर्ल्ड हुन्छ।
- धूलो मासले ढाकिएको ट्विगहरू।
- प्रभावित फलहरू साना र विकृत रहन्छन् र रहिरहने सतहहरू विकास गर्छन्।

### बाँच्ने र फैलाउने

- यो फङ्गस कोपिलामा आराम गर्ने माइसेलियम वा इनक्याप्सुलेटेड हस्टोरियाको रूपमा बाँच्दछ र माध्यमिक फैलावट हावा बोर्न कोनिडियामार्फत् हुन्छ।

### नियन्त्रण

- सुप्तावस्थामा वा वसन्तको प्रारम्भमा संक्रमित अंकुरहरू छाँट्ने र वसन्तमा फङ्गसको निर्माण र बालीलाई क्षति हुन नदिन आवश्यक भएमा स्प्रेहरू लगाउने। छाँट्ने क्रममा संक्रमित अंकुरहरू हटाउनु होस्।

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. (शिक्षा)/२०७९/०८०
च.नं.

मिति: २०८०/०१/२६

**विषय: सहाराविहीन बालबालिकालाई आवासीय शिक्षा व्यवस्थापन सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरु (सबै),**
**भूमे गाउँपालिका, रुकुम (पूर्व) ।**

भूमे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमको बुँदा नं. ४५ मा *"युद्धकालमा स्थापित शहिद वासु स्मृति नमूना जनवादी विद्यालयलाई जीवन्त संग्रहालयको रुपमा विकास गर्दै शहिद परिवार, अनाथ, अभिभावकविहीन बालबालिकाहरुलाई आवासीय पठनपाठन र आधारभूत विद्यालयमा दिवा कक्षा अध्ययनका लागि व्यवस्था गरिनेछ।"* भन्ने व्यवस्था उल्लेख भएबमोजिम केही अभिभावकविहीन बालबालिकाहरुलाई भूमे गाउँपालिका वडा नं. ३ क्याङ्सीस्थित शहीद बासुस्मृति नमूना जनवादी विद्यालय भवनमा आवासीय र शहीद बासुस्मृति नमूना आधारभूत विद्यालय क्याङ्सीमा दिवा कक्षा पठनपाठनको व्यवस्था मिलाइएको विदितै छ ।

नयाँ शैक्षिक सत्र २०८० को भर्ना सुरु भई पठनपाठनसमेत सुरु भइसकेको अवस्थामा समेत उल्लिखित आवासीय व्यवस्थापन सहित पठनपाठनका लागि सहाराविहीन, अभिभावकविहीन, विपन्न, शहीद परिवार/शहीद सन्तति, अनाथ बालबालिकाहरु न्यून सङ्ख्यामा मात्र रहेको साथै अभिभावकहरुमा समेत अलमल देखिएको पाइएको छ। अतः सहाराविहीन बालबालिकाको पठनपाठन सुनिश्चितताका लागि देहाय बमोजिम गर्न गराउनु हुन अनुरोध छ।

१) अति विपन्न, अभिभावकको आर्थिक अवस्था नाजुक भएर विद्यालय बाहिर रहेका बालबालिका, सहाराविहीन, अभिभावकविहीन बालबालिका, द्वन्द्वकालमा प्रभावित भएका परिवार/शहीद सन्तति/शहीद परिवारका बालबालिकाहरुको यकिन गरी वडा समितिको निर्णय सहित निःशुल्क आवासीय व्यवस्थापन तथा पठनपाठनका लागि शीघ्र छनौट गरी सिफारिस गर्ने।
२) सिफारिस गरिएका बालबालिकाको भर्नाका लागि आवश्यक कागजात सहित बैशाख मसान्तभित्र उल्लिखित विद्यालयसँग समन्वय गरी सम्पर्कमा पठाउने।
३) सिफारिस गरिएका बालबालिकाको विवरण यस कार्यालयमा समेत पठाउने।

(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## आ.व.२०७८/७९ मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्न आउने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : वि.सं.२०८०/०१/२१ गते)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालयको यस चालु आ.व.२०७९/८० को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रमतर्फ ***आ.व.२०७८/७९मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता*** कार्यक्रम सञ्चालनका लागि प्रथम र दोस्रो पटक प्रकाशित सूचना अनुसार माग भई आएका भूमे गाउँपालिका भित्रका कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुमध्ये तपशिल बमोजिमका कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु छनौट भएको हुँदा यो सूचना प्रकाशिन भएको मितिले ***७ दिन (मिति वि.सं. २०८०/०१/२७ गते)भित्र*** प्राप्त अनुदान कार्यक्रमको सम्झौताका लागि तपशिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालयमा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

| क्र.सं. | छनौटमा परेका कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको नाम | फार्म/समूह/सहकारी संस्थाको सञ्चालक तथा अध्यक्षको नामथर | स्थायी ठेगाना | पकेट क्षेत्र | पकेट बाली/वस्तु | स्वीकृत अनुदान रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | जिपु कृषक समूह | राम कुमारी रोका | भूमे-२, खाबाङ्ग | खाबाङबगर | तरकारी | ५७,०००/- | ५०% अनुदानमा |
| २. | समृद्धि महिला कृषि सहकारी संस्था लिमिटेड | मन कुमारी पुन | भूमे-३, सिमा | सिमा | तरकारी | २,८९,०००/- | ५०/७५% अनुदानमा |
| ३. | कृष्ण बहुउद्देश्यीय कृषि फार्म | कृष्ण बहादुर रोका | भूमे-८, पुर्साबाङ्ग | पुर्साबाङ्ग | तरकारी | ४२,०००/- | ५०% अनुदानमा |
| - | **जम्मा** | - | - | - | - | रु.३,८८,०००।- | |

**प्राप्त अनुदान कार्यक्रमको सम्झौता गर्नका लागि आवश्यक कागजातहरु:**

- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको अनुदान कार्यक्रम सम्झौता गर्ने सम्बन्धमा निवेदन र छाप ।
- सञ्चालक/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७८/७९को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७८/७९को अन्तिम लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- अनुदान कार्यक्रम सम्झौता गर्ने सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस-पत्र ।

..........................
**(स्वतन्त्र राज चौधरी)**
**कृषि प्रसार अधिकृत**

.....................
**(प्रेम प्रसाद भट्टराई)**
**अधिकृत (छैटौं)**

**सम्पर्कका लागि:**

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
३. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९११२५